☎ ०७५-५२०१०५, ५२०८९३
५२०१२५, ५२०५०५

# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा
५ नम्बर प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं. : १६२१

मिति २०७५ पुस ९

## प्रेस विज्ञप्ति

येशु खीष्टको जन्मोत्सव तथा नयाँ वर्ष सन् २०१९ को अवसरमा हार्दिक शुभकामना !

क्रिश्चियन समुदायको महान पर्व अर्थात येशु खीष्टको जन्मोत्सव तथा क्रिसमस पर्व र नयाँ वर्ष सन् २०१९ को अवसरमा सम्पूर्ण इसाई समुदायप्रति हार्दिक शुभकामना प्रकट गर्दछौं । नेपालको संविधानले नेपालमा बसोबास गर्दै आएका नेपालीले मान्ने सबै धर्म संस्कृतिलाई समआदर गरेको तथ्य सबैलाई विदितै छ । नेपाली समाजमा परापूर्व कालदेखि रहिआएको धार्मिक सहिष्णुता नै हाम्रो समाजको महत्वपूर्ण पहिचान हो । राष्ट्र निर्माणको अभियानमा सबै जातजाति, भाषाभाषि र धर्मसंस्कृतिको यथोचित भूमिका रहन्छ नै । यसर्थ आआफ्ना कला, संस्कृति, रीतिरिवाजको जगेर्नामा लागौं, सुखी नेपाली समृद्ध नेपाल नारालाई साकार पार्न सहकार्य र सहयोगलाई निरन्तरता दिदैं अघि बढौं । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सबै जातजाति र भाषा धर्मका अनुयायीहरुले एकअर्काप्रति आदर, सम्मान गर्न सिकौं, गरौं र नेपाली समाजलाई नमूना बनाऔं ।

अन्त्यमा, पुनः सम्पूर्ण इसाई समुदायप्रति क्रिसमस पर्व र नयाँ वर्ष सन् २०१९ को अवसरमा सुखशान्ति एवम् समृद्धिका लागि हार्दिक शुभकामना प्रकट गर्दछौं ।

नगर प्रमुख

अशोककुमार शाही
नगर प्रमुख
एवम्
तानसेन नगरकार्यपालिका परिवार



Scanned by CamScanner